# E-Bulletin

## संक्षिप्त परिचय :



नेपालको प्रदेश नं.५ मा अवस्थित, विश्व मानचित्रमा यो जिल्ला ८३ °१५ देखि ८४ °२२ पूर्वी देशान्तर तथा २७°३७ देखि २७°५७ उत्तरी अक्षांशमा रहेको छ। यो जिल्ला समुद्री सतहबाट करीब २०० मि .मि २००० देखि . उंचाई सम्म फैलिएको छ। जिल्लाको भौगोलिक क्षेत्रफल १३७३ वर्ग कि रहेको छ। (२०६१.वि.त.के) .मि. पाल्पा जिल्लामा ८ गाउँपालिका, २ नगरपालिका र २ वटा संसदीय निर्वाचन क्षेत्रहरु रहेका छन्। यस जिल्लाको कुल जनसंख्या २,६१, १८० रहेको छ, जसमध्ये पुरुष ४४१) ३५.,१५,८४०.५५ र महिला (६५ १),४५,३४० ( रहेका छन्।

TEL : +९७७-०७५-५२०१२३, +९७७-०७५-५२०१२४ , +९७७-०७५-५२०१२५

FAX : +९७७-०७५-५२०१६९ Email : daopalpa@gmail.com

## निजामती सेवा दिवस



निजामती सेवा दिवस २०७५ को कर्मचारीलाई सम्मान लगाएतका कार्यक्रम आयोजना गरी निजामती सेवा दिवस २०७५ मनाईयो। कार्यक्रममा राष्ट्र सेवक कर्मचारी, सुरक्षा निकायका प्रमुख, राजनैतिक दलका प्रमुख/प्रतिनिधि, पत्रकार, नागरिक समाज, पुर्व राष्ट्र सेवक कर्मचारीहरुको उल्लेख्य सहभागीता रहेको थियो। साथै सेवाग्राही सम्मान कार्यक्रममा जिल्ला प्रशासन कार्यालय पाल्पामा सेवा लिन आउनु भएका प्रथम सेवाग्राही रम्भा ५ निवासी भक्त बहादुर सुर्यवंशी तथा रम्भा ४ निवासी ९० वर्षिय जेष्ठ नागरिक वेध राज सिग्देल लाई नागरिकता प्रमाणपत्र प्रदान गरी सम्मान गरियो।



## सेवा ग्राही सहायता कक्ष संञ्चालन

मिति २०७५।०६।१६ गतेबाट जिल्ला प्रशासन कार्यालय पाल्पामा सेवा ग्राही सहायता कक्ष संञ्चालन गरिएको छ ।

## सूचना !!

**(मिति २०७५/०४/०८)**

संस्था दर्ता ऐन, २०३४ र ऐ नियमावली बमोजिम . स्थापित यातायात क्षेत्रसँग सम्वद्ध संघ, संस्था र समितिहरुले सवारी दुर्घटनाका घाइतेको उपचार खर्च , कर्मचारीको तलव, विजुली, पानी लगायतका अनिवार्य दायित्व पुरा गर्न बाँकी रहेको भए सो सम्बन्धी यकिन विवरण प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस (पैतिस) कार्यालयमा पेश गर्न सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ।

## सम्विधान दिवस



सविधान दिवस २०७५ को अवसरमा आयोजित प्रभातफेरी कार्यक्रम तथा यसै अवसरमा आयोजित जिल्ला स्तरीय खुल्ला पुरुष डवल ब्याडमिन्ट प्रतियोगितामा सहभागि भई प्रथम,दितीय तथा तृतीय स्थान हासिल गर्नु भएका प्रतियोगिहरुलाई प्रमाणपत्र वितरण गरिएको।

## मैत्रीपूर्ण फुटबल प्रतियोगिता



जिल्ला खेलकुद विकास समितीले आयोजना गरेको मैत्रीपूर्ण फुटबल प्रतियोगितामा फाइनलमा प्रवेश गरेका बैङ्कर्स टिम र कर्मचारी मिलन केन्द्र पाल्पा बीच मिति २०७५।०६।२० गते भएको फाइनल खेलमा टाई ब्रेकरमा बैँकर्स टिमलाई ३-२ ले पराजित गरि बिजयी हुनुभएका कर्मचारी मिलन केन्द्र टिमलाई हार्दिक बधाई।

# E-Bulletin

## निस्दी गाउँपालिकामा एकिकृत घुम्ती सेवा









२०७५ मंसिर ५-७ गते सम्म जिल्ला प्रशासन कार्यालय पाल्पाको आयोजनामा निस्दी गाउँपालिकाको मित्याल रुप्सेभञ्याङ्ग मा (वडा न ३ ,४,५ र ६ झिरुबास, मित्याल, गल्धा र अर्चलेमा) संलचालित एकीकृत घुम्ती सेवामा प्रमुख जिल्ला अधिकारी मनोहर प्रसाद खनाल र गाँउपालिकाका अध्यक्ष मुक्त बहादुरसारु बाट शारीरिक रुपमा अशक्त लालमाया राक्सेलाई नागरिकता प्रदान गरी सेवा प्रवाहको उद्धाटन भएपछि महिला १७९ र पुरुष ११० गरि जम्मा २८९ जना सेवाग्राहीलाई नेपाली नागरिकताको प्रमाणपत्र वितरण गरिएको छ।

## रिब्दीकोट गाउँपलिकामा एकिकृत घुम्ति सेवा







२०७५ पौष ६ गते जिल्ला प्रशासन कार्यालय पाल्पाको आयोजनामा रिब्दीकोट गाउँपालिका मा संमचालित एकीकृत घुम्ती सेवाका केही तस्विरहरु।

# E-Bulletin

## एकीकृत घुम्ती सेवा









२०७५ पुस २८ गते जिल्ला प्रशासन कार्यालय पाल्पाको आयोजनामा रम्भा गाउँपालिका वडा २ फोक्सिङकोट मा संतचालित एकीकत घम्ती सेवाका केही तस्विरहरु।







मिति २०७५।१०।१८ गते जिल्ला प्रशासन कार्यालय पाल्पाको आयोजनामा माथागढी गाँउपालिका वडा न ५ हात्तिलुङ्गमा संचालित १ दिने एकीकृत घुम्ती सेवा तथा सार्वजनिक सुनुवाई कार्यक्रम । जिल्ला प्रशासन, नेपाल प्रहरी लगायत सरकारी निकाय सँग सम्बन्धित विषयहरुमा स्थानीयहरुबाट राखेका जिज्ञासा एवं गुनासोहरुको उचित सम्बोधन।


## भुकम्प सुरक्षा दिवस





मिति २०७५।१०।०३ गते २१ औं भुकम्प सुरक्षा दिवस को अवसरमा तानसेन नगरपालिकाको सभाहलमा भएको कार्यक्रमका केहि तस्विरहरु

## सिद्धबाबाखण्डमा Geo-Physical Test



सूचना !! सूचना !! सूचना !!

सिद्धार्थराजमार्गको सिद्धबाबा खण्डमा स्वीस विशेषज्ञहरु द्वारा पहाड मुनि अवस्थित चट्टानको भौगर्भिक परिक्षण (Geo -Physical Test ) गरिने कार्यक्रम रहेको ले यहि मिति २०७५ साल माघ २६ गते देखि २०७५ साल माघ २९ गते ४ दिन विहान ८.०० बजे देखि साँझ ५.०० बजे सम्म १/१ घण्टा आलोपालो गरि सम्पूर्ण यातायातका साधनहरु आंशिक रुपमा रोकि परिक्षण कार्य गरिने हुदां सम्पूर्ण यातायात व्यवसायी, यात्रु महानुभाव तथा सडक प्रयोग कर्ता महानुभावहरुमा यो सार्वजनिक सूचना जारि गरिएको छ। रोकिएको १ घण्टा पछि पुन: यातायात संचालन हुने र १ घण्टा पछि पुन: रोकिने व्यहोरा जानकारीको लागि अनुरोध छ। साथै यस बाट पर्न जाने असुविधाको लागि सडक डिभिजन, पाल्पा सम्पूर्ण यात्रु महानुभावहरु प्रति क्षमाप्रार्थी रहेको व्यहोरा समेत अनुरोध छ।

सडक डिभिजन
पाल्पा,तानसेन

## ६९ औँ प्रजातन्त्र दिवस





प्रजातन्त्र दिवसको अवसरमा पाल्पा दरबार परिसरमा सरसफाई गर्दै।

# E-Bulletin

## मदिराजन्य पदार्थको अनुगमन








मिति २०७५/११/०६ गते जिल्ला प्रशासन कार्यालय पाल्पाको समन्वयमा तानसेन स्थित मदिरा वितरक तथा होटलमा गरिएको मदिराजन्य पदार्थको अनुगमनको क्रममा म्याद गुज्रीएका पेय पदार्थहरु जफत गरि नष्ट गर्दै गर्दा लिईएका केहि तस्बीरहरु।


## मोबाईल APP उद्घाटन





सेवाग्राही तथा सरोकारवालाहरुलाई जिल्ला प्रशासन कार्यालयबाट हुने सेवा प्रवाहका बारेमा जानकारी दिने उद्देश्यले मिति २०७५/१२/०३ गते प्रमुख जिल्ला अधिकारी मनोहर प्रसाद खनाल ज्यू बाट मोबाईल APP उद्घाटन सम्पन्न।

## अवैध हातहतियार र खरखजाना बुझाउने सम्बन्धी सूचना



नेपाल सरकार

गृह मन्त्रालयको

अत्यन्त जरुरी सूचना

सूचना प्रकाशन मिति २०७५/१२/०१

कानून बमोजिम लिनुपर्ने इजाजत नलिइ वा इजाजत पत्र नवीकरण नगराइ वा इजाजत प्राप्त व्यक्तिको मृत्यु पश्चात हकवालाको नाममा नामसारी नगराई वा अन्य जुनसुकै तरिकाले नेपाल राज्य भित्र कोही कसैले हातहतियार र खरखजाना राखेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालय वा नेपाली सेनाको ब्यारेकमा अनिवार्य रुपमा बुझाउनु हुन नेपाल सरकार (म.प.) को मिति २०७५/११/२८ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । यसरी हातहतियार र खरखजाना बुझाउन ल्याएमा यस अघि ती अवैध हातहतियार र खरखजाना राखेको कारणले मात्र त्यस्ता व्यक्तिलाई कुनै कानूनी कारबाही नचलाइने हुँदा तोकिएको समयभित्र अवैध हातहतियार तथा खरखजाना अनिवार्य रुपमा बुझाउनुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ । यदि इजाजत प्राप्त नगरी आफूसँग रहेका हातहतियार खरखजाना तोकिएको अवधिभित्र स्वेच्छाले नबुझाएमा त्यस्ता व्यक्ति उपर प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत सूचित गरिन्छ ।

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको टोली बाट अनुगमन तथा अन्तरक्रिया कार्यक्रम





मिति २०७५/१२/१३ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको टोली बाट अनुगमन तथा अन्तरक्रिया कार्यक्रम

# E-Bulletin

## कोटघर र भैरवस्थान मन्दिरमा पुजा सम्पन्न




मिति २०७५।१२।३० गते राम नवमीको अवसरमा जिल्ला प्रशासन कार्यालय पाल्पाको कोटघर र भैरवस्थान मन्दिरमा पुजा सम्पन्न।





१२ औं सङ्घीय लोकतान्त्रिक गणतन्त्र दिवसको अवसरमा लिइएका तस्विरहरु। (On the occasion of the 12th Federal Democratic Republic of Nepal.)

## एकीकृत घुम्ती सेवा





मिति २०७६/०२/२३ र २४ गते निस्दी गा.पा. ७ , ज्यामिरेमा भएको घुम्ती सेवा एवं सार्वजनिक सुनुवाई कार्यक्रममा १६१ नागरिकता प्रमाणपत्र वितरण।

## सेवा ग्राहीको लागि स्तनपान कक्षको व्यवस्था



## सेवा ग्राहीको लागि T.V. र Free Wi-Fi को व्यवस्था।



# E-Bulletin






# E-Bulletin

## आर्थिक वर्ष २०७५/०७६ को प्रगति विवरण

### क. प्रशासन शाखा

| क्र.सं. | कार्यको विवरण | संख्या (आ.व. २०७५/०७६) | गत आ.व.को विवरण |
|---|---|---|---|
| १ | संस्था दर्ता | ३१ | ३४ |
| २ | नावालक परिचयपत्र | १६४ | १५१ |
| ३ | विवह दर्ता (शुरु तथा अरु) | ० | ६ |
| ४ | ठाडो उजुरी | २७ | ५० |
| ५ | पत्रपत्रिका दर्ता | ४ | २ |
| ६ | छापाखाना दर्ता | | १ |
| ७ | विविध सिफारिस | १,८४३ | |
| ८ | हातहतियार नविकरण | १४ | १९ |
| ९ | हातहतियार नामसारी | २ | १ |
| १० | भू.पू. सैनिक पेन्सन (सिफारिस) | १,६६५ | १,४४७ |

### ख. नागरिकता शाखा

| क्र.सं. | कार्यको विवरण | संख्या (आ.व. २०७५/०७६) | गत आ.व.को विवरण |
|---|---|---|---|
| १ | बंशजको आधारमा नयाँ नागरिकता वितरण | ७,९६९ | १०,२७६ |
| २ | प्रतिलिपि नागरिकता वितरण | १,७६५ | १,७४९ |
| ३ | बैवाहित अंगिकृत नागरिकता वितरण | ५ | ६ |
| ४ | जम्मा | ९७३९ | १२०३१ |

### ग. राहदानी शाखा

| क्र.सं. | कार्यको विवरण | संख्या (आ.व. २०७५/०७६) | गत आ.व.को विवरण |
|---|---|---|---|
| १ | साधारण सिफारिस | ४,०८२ | ४,२६६ |

| | | | |
|---|---|---|---|
| २ | द्रूत सिफारिस | ९६५ | १,१४४ |
| ३ | राहदानी वितरण | ४,०४० | ४,१३२ |
| ४ | वितरण हुन बाँकी राहदानी | ४,०० | ६५० |

## घ. लेखा (राजश्व तर्फ)

| क्र.सं. | कार्यको विवरण | संख्या (आ.व. २०७५/०७६) | गत आ.व.को विवरण |
|---|---|---|---|
| १ | संस्था दर्ता/नवकिरण | १,६६,२५० | २,२५,००० |
| २ | हातहतियार (नविकरण/नामसारी) | १८,९६३ | ११,००० |
| ३ | राहदानी दस्तुर | २,२२,७०,००० | २,२३,४७,५०० |
| ४ | अन्य प्रशासनिक | ३३,३५० | |
| ५ | प्रशासनिक दण्ड जरिवाना | १,३०,४०० | ४७,९०० |
| ६ | न्यायिक दण्ड जरिवाना र जफत | ७२,००० | ५१,००० |
| ७ | बेरुजु असुली | ५६,५६० | |
| | जम्मा | **२,२७,४७,५२३** | **२,२६,८२,४००** |
| | धरौटी | **१८,२०,३२३** | |

## ङ. दैवि प्रकोप तर्फ

| क्र.सं. | कार्यको विवरण | संख्या (आ.व. २०७५/०७६) | गत आ.व.को विवरण |
|---|---|---|---|
| १ | दैवि प्रकोप (आगजनी, चट्याङ, वर्षा) | ४८ | ७१ |
| ३ | द्वन्द्व पिडित | ३ (२ जिवन निर्वाह भत्ता पाउने,१ जना टुहुरा बालबालिका) | ३ (२ जिवन निर्वाह भत्ता पाउने,१ जना टुहुरा बालबालिका) |

## च. कार्यालय तर्फ

| क्र.सं. | कार्यको विवरण | संख्या (आ.व. २०७५/०७६) | गत आ.व.को विवरण |
|---|---|---|---|
| १ | पूजीगत तर्फ कूल खर्च | ६७,००,००० | १,५२,५०,४१२ |
| २ | चालु तर्फ कूल खर्च | १,३८,८३,००० | १,४२,९५,५५४ |

## छ. मुद्दा शाखा

| क.सं. | कार्यको विवरण | संख्या (आ.व. २०७५/०७६) | गत आ.व.को विवरण |
|---|---|---|---|
| १ | हातहतियार दर्ता | ० | ७ |
| २ | मुलुकी फौजदारी अपराध संहिता २०७४ बमोजिम दर्ता भएका | ९६ | ९० |
| ३ | कालो बजारी | | |
| ४ | खाद्य/क्षतीपूर्ति | | २ |
| ५ | यस आ.व.को जम्मा दर्ता | ५५ | ५५ |
| ६ | गत आ.व.को जिम्मेवारी सरी आएको संख्या | ४१ | ३५ |
| ७ | यस आ.व.मा फछ्यौट भएको संख्या | ६७ | ४९ |
| ८ | फैसला हुन बाँकी मुद्दाको संख्या | २९ | ४१ |

## ज. खाद्य तथा गुणस्तर सम्बन्धी अनुगमन तथा नियमन

| क.सं. | कार्यको विवरण | संख्या (आ.व. २०७५/०७६) | गत आ.व.को विवरण |
|---|---|---|---|
| १ | खाद्य नमूना संकलन | ४ बट्टा घ्यू | – |
| २ | खाद्य सम्बन्धी मुद्दा दायर | – | – |

## झ. बजार अनुगमन तथा नियन्त्रण सम्बन्धी कार्य

| क.सं. | विवरण | संख्या (आ.व. २०७५/०७६) | गत आ.व.को विवरण |
|---|---|---|---|
| १ | बजार अनुगमन | १५ | ७ |

## ञ. कार्यालय अनुगमन

| क.सं. | कार्यको विवरण | संख्या (आ.व. २०७५/०७६) | गत आ.व.को विवरण |
|---|---|---|---|
| १ | कार्यालय अनुमगन | ३ | ५ |

| विविध सुशासन |
|---|
| क) गुनासो फछ्यौट : सेवा ग्राहीको गुनासो तत्कालै फछ्यौट गरिएको । |
| ख) कार्यालयमा सेवा लिन आउने सेवाग्राहीको लागि सहायता कक्ष को व्यवस्थाका साथै डिजिटल नागरिक वडापत्रको व्यवस्था, स्तनपान कक्षको व्यवस्था र सेवाग्राही बस्ने प्रतिक्षाकक्ष, टि.भी. र Free WiFi को व्यवस्था गरिएको । |
| ग) कार्यालय निरिक्षण : जिल्ला स्थित सरकारी कार्यालयहरुले गरेका कामहरु र त्यसको प्रगतिका साथै सम्पादन गरेका कामहरु प्रति आएका गुनासोहरु सम्बोधन गर्ने गरी कार्य सम्पादन गर्न विभिन्न कार्यालयहरुलाई निर्देशन दिइएको । |
| घ) विकास आयोजनाको अनुमगन : जिल्लामा संचालन भएका विभिन्न योजनाहरुको अनुगमन निरिक्षण गरिएको र आएका गुनासाहरुको निराकरण गर्न सम्बन्धीत पक्ष/निकायको ध्यानाकर्षण गराइएको । |
| ङ) बजार अनुमगन : तानसेन सदरमुकामको बजार लगायत ग्रामिण स्तरका बजारहरु अनुगमन गरी अनुमति लिई व्यापार गर्न, मूल्य सुचि राख्न, प्रमाणित ढक तराजु मात्र प्रयोगमा ल्याउन र सुर्तिजन्य पदार्थ हानिकारक छ भन्ने सन्देश सहितको घातक रङ्गीन चित्र उल्लेख नभएका सुर्तिजन्य पदार्थ बेचबिखन नगर्न सचेत गराइएको र पेट्रोलियम पदार्थको सुद्धताका बारेमा तथा मासु र दुधजन्य पदार्थको पटकपटक अनुगमन गरिएको । साथै स्थानीय तहमा रहेका अनुगमन समितिहरु सँग समन्वय गरि कार्यान्वयनका लागि आवश्यक सहयोग एवं पहल गरिएको । |
| च) पेश्की बेरुजु फछ्यौट गरी विगत आ.व. देखि नै बेरुजु सुन्य रहेको । |
| छ) राहत वितरण : विभिन्न दैवि प्रकोपका घटनाबाट पिडित व्यक्तिहरुलाई सरल र सहज रुपमा गाउँपालिका र प्रहरी मुचुल्काको आधारमा तत्काल नगद सहयोगका साथै अवस्था अनुसार त्रिपाल, कम्बल उपलब्ध गराउँदै आएको । |
| ज) खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयमा खाद्य परिक्षणको लागि घ्यू पठाइएकोमा परिक्षणमा उक्त नमूना फेल भए पछि सो घ्यूहरु ११२ किलो घ्यू नष्ट गरिएको । |
| झ) बजार अनुगमनका क्रममा भेटिएका अखाद्य एवं म्याद गुज्रिएका वस्तुहरु (हलुका पेय पदार्थ - ६७०० लिटर, चुरोट-१७४० प्याकेट, सूर्ति झोला-१११८५ प्याकेट, डि.डि.सी. दुध-२९ लिटर, फास्ट फूड - ११८ प्याकेट, मिठाई आदि) नष्ट गरिएको । |
| ञ) यस आ.व.मा निस्दी गा.पा. को मित्याल र ज्यामीरे, माथागढी गा.पा.को हात्तिलुङ, रम्भा गा.पा.के फोक्सिङकोट, रिब्दीकोट गा.पा.को ख्याहा जोगिथुम गरि ५ स्थानमा घुम्ति सेवा मार्फत नागरिकता वितरण गर्नका साथै एकिकृत सेवा प्रवाह र सार्वजनिक सुनुवाई कार्यक्रम समेत सम्पन्न गरिएको । |